सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
स्वास्थ्य कार्यालय
धनगढी, कैलाली, नेपाल

Email:- dpho71kailali@gmail.com
☎०९१-५२७०१६
सूचना अधिकारी: ९७६४४१७८२३

प.सं. : २०८३/०८४
च.नं.: १६३

विषयः विवरण पठाईएको सम्बन्धमा।

श्री जिल्ला हुलाक कार्यालय
कैलाली।

मितिः २०८३/०७/१२

उपरोक्त विषयमा नागरिकको सूचनाको हक सम्बन्धि ऐन २०६४ को दफा ५ र सूचना हक सम्बन्धि नियमावली २०६५ को नियम ३ बमोजिम यस स्वास्थ्य कार्यालय कैलालीले आ.व. २०८३/०८४ प्रथम त्रैमासिकमा सम्पादन गरेका स्वास्थ्य कार्यक्रमहरुको विवरण स्वतः प्रकाशन गरि यसै पत्र साथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

सूचना अधिकारी
मिन बहादुर धामी

सूचना अधिकारी

बोधार्थः
श्री जिल्ला प्रशासन कार्यालय, धनगढी, कैलाली ।
श्री राष्ट्रिय सूचना आयोग, त्रिपुरेश्वर, काठमाडौं ।

Scanned with CamScanner


सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धि नियमावली,२०६५ को नियम ३ बमोजिम सार्बजनिक गरिएको विवरण

प्रथम त्रैमासिक

आ.व २०८३/०८४

२०८३ श्रावण देखि २०८३ असोज मसान्त सम्म सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण

स्वत प्रकाशन (**Pro-Disclosour**)



सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकासमन्त्रालय
स्वास्थ्य निर्देशनालाय

स्वास्थ्य कार्यालय

धनगढी, कैलाली

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
स्वास्थ्य कार्यालय
धनगढी, कैलाली, नेपाल
२०८३

सूचना अधिकारी

नेपालको संबिधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको व्यवस्था बमोजिम सूचनाको हक सम्बन्धि ऐन २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धि नियमावली २०६५ मा प्रत्येक सार्बजनिक निकायले आफ्ना गतिबिधिहरुको विवरण ३/३ महिनामा प्रकाशित गर्नुपर्ने कानुनी व्यवस्था छ, यसका लागि ऐन र नियमावलीमा गरि २० वटा शिर्षक उल्लेख गरिएका छन् । यसै क्रममा कार्यालयले आफ्नो नियमित विवरण प्रकाशित गर्दै आएको सन्दर्भमा आ.व. २०८३/०८४ प्रथम त्रैमासिकमा सम्पादित कार्यक्रमहरुको विवरण प्रस्तुत गरेको छ ।

सूचनाको हक सम्बन्धि ऐन २०६४ दफा ५(३) र सूचनाको हक सम्बन्धि नियम ३ बमोजिम स्वास्थ्य कार्यालय कैलालीको आ.व. २०८३/०८४ को प्रथम त्रैमासिक (२०८३ श्रावण १ गते देखि २०८३ असोज मसान्त सम्म) सम्पादन गरिएको विवरण प्रकाशन गरिएको छ ।

१. <u>कार्यालयको परिचय</u>

विक्रम सम्वत् २०३३ सालमा जिल्ला जनस्वास्थ्य कार्यालयको स्थापना भएको हो। स्थापना कालदेखि नै यस कार्यालयले जिल्लाभित्र रहेका विभिन्न स्वास्थ्य संस्थाहरूको सञ्चालन, अनुगमन, सुपरिवेक्षण तथा जनस्वास्थ्यसम्बन्धी कार्यक्रमहरूको योजना, समन्वय, कार्यान्वयन र मूल्याङ्कन गर्ने प्रमुख जिम्मेवारी निर्वाह गर्दै आएको थियो। जनस्वास्थ्यका कार्यक्रमहरूलाई प्रभावकारी, गुणस्तरीय र जनमुखी बनाउने उद्देश्यले यस कार्यालयले सरकारी तथा गैरसरकारी निकायसँग समन्वय गर्दै समुदायमा आधारित स्वास्थ्य सेवाको विस्तारमा महत्वपूर्ण भूमिका खेलेको छ। विक्रम सम्वत् २०४६ सालपछि स्वास्थ्य क्षेत्रको सुधार तथा एकद्वार सेवा प्रणालीको अवधारणाअनुसार प्रतिकारात्मक, प्रवर्द्धनात्मक तथा उपचारात्मक स्वास्थ्य सेवाहरूलाई एकीकृत रूपमा समुदायसम्म पुऱ्याउने नीति अवलम्बन गरियो। यस प्रणालीमार्फत आम नागरिकलाई सहज, सुलभ, गुणस्तरीय तथा प्रभावकारी स्वास्थ्य सेवा उपलब्ध गराउने लक्ष्य राखिएको थियो। यसले स्वास्थ्य सेवाको पहुँच वृद्धि गर्नुका साथै मातृ तथा शिशु स्वास्थ्य, संक्रामक तथा नसर्ने रोग नियन्त्रण, पोषण सुधार, परिवार नियोजन तथा स्वास्थ्य प्रवर्द्धनका कार्यक्रमहरूलाई समुदायस्तरसम्म विस्तार गर्न महत्वपूर्ण योगदान पुऱ्यायो। जिल्ला जनस्वास्थ्य कार्यालयमार्फत बाल स्वास्थ्यअन्तर्गत राष्ट्रिय खोप कार्यक्रम, पोषण कार्यक्रम, एकीकृत बालरोग व्यवस्थापन (आईएमएनसीआई), नवजात शिशु स्वास्थ्य कार्यक्रम, परिवार नियोजन सेवा, सुरक्षित मातृत्व तथा नवजात शिशु स्वास्थ्य सेवा, किशोरकिशोरी स्वास्थ्य कार्यक्रम, महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम, औलो नियन्त्रण कार्यक्रम, एचआईभी तथा यौनजन्य सङ्क्रमण नियन्त्रण कार्यक्रम, क्षयरोग तथा कुष्ठरोग नियन्त्रण कार्यक्रम, स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार कार्यक्रम, नसर्ने रोग नियन्त्रण, मानसिक स्वास्थ्य प्रवर्द्धन, मदिरापान तथा सुर्तीजन्य पदार्थ नियन्त्रण कार्यक्रम, महामारी रोकथाम तथा नियन्त्रण, विपद् स्वास्थ्य व्यवस्थापन, सरसफाइ तथा वातावरणीय स्वास्थ्यलगायतका विभिन्न जनस्वास्थ्य कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्। यी स्वास्थ्य सेवाहरू अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्र, नगर स्वास्थ्य केन्द्र, आधारभूत स्वास्थ्य सेवा केन्द्र, गाउँघर क्लिनिक तथा महिला स्वास्थ्य स्वयंसेविकामार्फत समुदायसम्म पुऱ्याइन्छन्। साथै स्थानीय तह, समुदाय, विद्यालय, विभिन्न सरकारी तथा गैरसरकारी संस्था र विकास साझेदारहरूसँग समन्वय गरी स्वास्थ्य सचेतना अभिवृद्धि, रोगको रोकथाम तथा स्वास्थ्य प्रवर्द्धनका विविध कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गरिन्छन्। नेपालको संविधान, २०७२ बमोजिम संघीय शासन प्रणाली लागू भएपछि स्वास्थ्य सेवाको संरचनामा समेत परिवर्तन भएको छ। सोही परिवर्तनअनुसार पूर्व जिल्ला जनस्वास्थ्य कार्यालय हाल सुदूरपश्चिम प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयअन्तर्गत रहेको स्वास्थ्य निर्देशनालय, राजपुर, डोटीको मातहतमा 'स्वास्थ्य कार्यालयका रूपमा सञ्चालनमा रहेको छ। स्वास्थ्य कार्यालयले प्रदेश सरकारका नीति, योजना, मापदण्ड तथा स्वास्थ्य निर्देशनालयबाट प्राप्त निर्देशनबमोजिम जिल्लाभित्रका जनस्वास्थ्य कार्यक्रमहरूको योजना, समन्वय, अनुगमन, सुपरिवेक्षण, क्षमता विकास, स्वास्थ्य सूचना व्यवस्थापन तथा गुणस्तर सुधारका कार्यहरू सम्पादन गर्दै आएको छ। स्वास्थ्य कार्यालयले स्थानीय तहसँग सहकार्य गरी आधारभूत स्वास्थ्य सेवाको पहुँच विस्तार, स्वास्थ्य संस्थाहरूको सुदृढीकरण, स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धि, औषधि तथा खोप व्यवस्थापन, स्वास्थ्य आपत्कालीन तयारी तथा महामारी नियन्त्रण, स्वास्थ्य तथ्याङ्क व्यवस्थापन र स्वास्थ्यसम्बन्धी नीति तथा कार्यक्रमहरूको

सूचना अधिकारी

Scanned with CamScanner

प्रभावकारी कार्यान्वयनमा निरन्तर योगदान पुऱ्याउँदै आएको छ। नागरिकको स्वास्थ्य अधिकार सुनिश्चित गर्दै सबैका लागि गुणस्तरीय, समतामूलक, पहुँचयोग्य र दिगो स्वास्थ्य सेवा उपलब्ध गराउने लक्ष्यका साथ स्वास्थ्य कार्यालयले आफ्नो जिम्मेवारी प्रभावकारी रूपमा निर्वाह गरिरहेको छ।

<u>प्रदेश स्वास्थ्य कार्यालयको कार्य विवरण</u>

स्वास्थ्य कार्यालयका प्रमुख कार्य तथा जिम्मेवारीहरुः स्वास्थ्य कार्यालय प्रदेश सरकारअन्तर्गत स्वास्थ्य निर्देशनालय मातहत सञ्चालन हुने जिल्ला तहको प्रमुख स्वास्थ्य निकाय हो। यस कार्यालयले प्रदेश सरकारको स्वास्थ्य नीति, योजना तथा कार्यक्रमहरूलाई स्थानीय तहसम्म प्रभावकारी रूपमा कार्यान्वयन गराउने, प्राविधिक सहयोग उपलब्ध गराउने, समन्वय, सहजीकरण, अनुगमन तथा मूल्याङ्कन गर्ने महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। कार्यालयका प्रमुख कार्य तथा जिम्मेवारीहरू निम्नानुसार रहेका छन्।

१. नीति, योजना तथा कार्यक्रम कार्यान्वयन

प्रदेश सरकार तथा स्वास्थ्य निर्देशनालयबाट जारी भएका स्वास्थ्य नीति, रणनीति, मापदण्ड, कार्ययोजना तथा निर्देशनहरू कार्यान्वयन गर्ने, स्थानीय तहलाई आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने तथा स्वास्थ्य कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि समन्वय र सहजीकरण गर्ने।

२. खोप, औषधि तथा स्वास्थ्य सामग्री व्यवस्थापन

कार्यक्षेत्रभित्र रहेका स्वास्थ्य संस्थाहरूलाई आवश्यक पर्ने राष्ट्रिय खोप कार्यक्रमअन्तर्गतका खोप, अत्यावश्यक औषधि, जीवनरक्षक तथा तापक्रम– संवेदनशील औषधि, प्रयोगशाला सामग्री तथा अन्य स्वास्थ्य सामग्रीहरूको माग सङ्कलन, भण्डारण, सुरक्षित आपूर्ति तथा वितरण व्यवस्थापन गर्ने। यसका लागि मासिक, त्रैमासिक, चौमासिक, अर्धवार्षिक तथा वार्षिक आपूर्ति योजना तयार गरी कार्यान्वयन गर्ने तथा आपूर्ति प्रणालीलाई नियमित र प्रभावकारी बनाउने।

३. जनस्वास्थ्य निगरानी तथा महामारी व्यवस्थापन

जनस्वास्थ्य निगरानी (Public Health Surveillance) प्रणालीलाई सुदृढ बनाउने, भेक्टर सर्भिलेन्स सञ्चालन गर्ने, महामारी तथा प्रकोपको समयमै पहिचान, सूचना सङ्कलन, विश्लेषण तथा प्रतिकार्य गर्ने। विपद् तथा स्वास्थ्य आपत्कालीन अवस्थाको पूर्वतयारी, प्रतिकार्य, राहत तथा पुनःस्थापनासम्बन्धी कार्यक्रम सञ्चालन गर्नुका साथै सम्बन्धित निकायहरूसँग आवश्यक समन्वय गर्ने।

४. स्वास्थ्य प्रवर्द्धन तथा जनस्वास्थ्य अभियान

स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार (IEC/BCC) कार्यक्रम सञ्चालन गर्ने, स्वस्थ जीवनशैली प्रवर्द्धन गर्ने, नसर्ने तथा सरुवा रोगहरूको रोकथामसम्बन्धी जनचेतनामूलक अभियान सञ्चालन गर्ने तथा समुदायमा स्वास्थ्यसम्बन्धी सकारात्मक व्यवहार विकास गर्न स्थानीय तह, विद्यालय, सञ्चारमाध्यम तथा अन्य सरोकारवालाहरूसँग सहकार्य गर्ने।

५. अन्तरसरकारी समन्वय

संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, स्वास्थ्य निर्देशनालय, अस्पताल, विकास साझेदार तथा गैरसरकारी संस्थाहरूसँग नियमित समन्वय गरी स्वास्थ्य कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने तथा आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने।

६. स्वास्थ्य सूचना व्यवस्थापन

एकीकृत स्वास्थ्य सूचना प्रणालीमार्फत प्राप्त तथ्याङ्कहरूको सङ्कलन, प्रमाणीकरण, विश्लेषण तथा व्याख्या गरी प्रमाणमा आधारित योजना तर्जुमा गर्ने। स्थानीय तह तथा स्वास्थ्य संस्थाहरूलाई स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली सुधारका लागि प्राविधिक सहयोग तथा नियमित पृष्ठपोषण उपलब्ध गराउने।

७. स्वास्थ्य सेवाको पहुँच तथा गुणस्तर अभिवृद्धि

दूरदराज तथा सेवाबाट वञ्चित समुदायसम्म आधारभूत स्वास्थ्य सेवाको पहुँच विस्तार गर्न आवश्यक योजना तयार गर्ने, स्वास्थ्य सेवाको उपयोग तथा गुणस्तर अभिवृद्धिका लागि कार्यक्रम सञ्चालन गर्ने तथा स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्न समन्वय र सहजीकरण गर्ने।

सूचना अधिकारी

Scanned with CamScanner

८. स्वास्थ्य संस्थाको अनुगमन तथा नियमन

सरकारी, निजी, सहकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित स्वास्थ्य संस्थाहरूको नियमित अनुगमन, सुपरिवेक्षण, नियमन तथा सेवा गुणस्तर मूल्याङ्कन गर्ने। स्वास्थ्य सेवा सञ्चालनसम्बन्धी मापदण्डको पालना भए/नभएको मूल्याङ्कन गरी आवश्यक सुधारका लागि निर्देशन तथा प्राविधिक सहयोग प्रदान गर्ने।

९. क्षमता विकास

स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका तथा अन्य सरोकारवालाहरूको ज्ञान, सीप र दक्षता अभिवृद्धिका लागि तालिम, अभिमुखीकरण, पुनर्ताजगी तालिम, कार्यस्थलमा आधारित सिकाइ तथा प्राविधिक सहयोग कार्यक्रम सञ्चालन गर्ने। संस्थागत क्षमता विकास तथा नेतृत्व विकासका कार्यक्रमहरू पनि सञ्चालन गर्ने।

१०. विशेष तथा नियमित स्वास्थ्य कार्यक्रम सञ्चालन

प्रदेश सरकार तथा संघीय सरकारका प्राथमिकताप्राप्त स्वास्थ्य कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन, समन्वय, अनुगमन तथा मूल्याङ्कन गर्ने। यसअन्तर्गत क्षयरोग तथा कुष्ठरोग नियन्त्रण, परिवार नियोजन, मातृ तथा नवजात शिशु स्वास्थ्य, बाल स्वास्थ्य, किशोरकिशोरी स्वास्थ्य, पोषण, राष्ट्रिय खोप कार्यक्रम, स्वास्थ्य बीमा, सामाजिक सुरक्षा, विशेषज्ञ स्वास्थ्य शिविर, एचआईभी तथा यौनजन्य सङ्क्रमण नियन्त्रण, औलो, कालाजार, हात्तीपाइले, डेंगी लगायत अन्य कीटजन्य रोग नियन्त्रण, पानीजन्य रोग नियन्त्रण, नसर्ने रोग नियन्त्रण, मानसिक स्वास्थ्य प्रवर्द्धन तथा अन्य राष्ट्रिय प्राथमिकताका कार्यक्रमहरू सञ्चालन गर्ने।

११. वातावरणीय तथा पेशागत स्वास्थ्य

सुरक्षित खानेपानी, सरसफाइ, वातावरणीय स्वास्थ्य, फोहोरमैला व्यवस्थापन, जलवायु परिवर्तनका स्वास्थ्य प्रभाव न्यूनीकरण तथा पेशागत स्वास्थ्य प्रवर्द्धनसम्बन्धी कार्यक्रम सञ्चालन र समन्वय गर्ने।

१२. जनसंख्या व्यवस्थापन

जनसंख्या व्यवस्थापन, जनसांख्यिकीय सूचकहरूको विश्लेषण, परिवार नियोजन सेवाको विस्तार तथा जनसंख्या सम्बन्धी नीति तथा कार्यक्रमहरूको कार्यान्वयनमा स्थानीय तहलाई आवश्यक प्राविधिक सहयोग र सहजीकरण गर्ने।

१३. प्रदेश सरकारबाट तोकिएका अन्य कार्य

प्रदेश सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय तथा स्वास्थ्य निर्देशनालयबाट समय– समयमा तोकिएका विशेष कार्यक्रम, अभियान तथा अन्य जिम्मेवारीहरू प्रभावकारी रूपमा सम्पादन गर्ने।

१४. बहुक्षेत्रीय समन्वय

शिक्षा, खानेपानी, कृषि, पशुपन्छी, वन, महिला तथा बालबालिका, विपद् व्यवस्थापन, स्थानीय प्रशासन, सुरक्षा निकाय तथा अन्य सम्बन्धित क्षेत्रहरूसँग बहुक्षेत्रीय समन्वय र सहकार्य गरी स्वास्थ्यका सामाजिक निर्धारकहरूमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्ने।

१५. आन्तरिक प्रशासन तथा वित्तीय व्यवस्थापन

कार्यालयको प्रशासनिक, आर्थिक, लेखा, जिन्सी, खरिद, मानव स्रोत व्यवस्थापन, अभिलेख व्यवस्थापन, योजना तथा बजेट कार्यान्वयन, आन्तरिक नियन्त्रण प्रणाली सुदृढीकरण, सार्वजनिक खरिद तथा वित्तीय अनुशासन कायम गर्ने कार्यहरू सम्पादन गर्ने। साथै सुशासन, पारदर्शिता, जवाफदेहिता तथा प्रभावकारी सेवा प्रवाह सुनिश्चित गर्दै कार्यालयको समग्र व्यवस्थापन गर्ने।

प्रदेश अन्तर्गत स्वास्थ्य निर्देशनालय मातहत कार्यालयको रुपमा रही प्रदेश र स्थानीय तहसंग समन्वय, सहजीकारण, सहयोग एवम् तोकिए बमोजिम प्रदेशको निर्देशन भए अनुसार कार्यान्वयन गर्ने ।

कार्य क्षेत्र भित्रका जिल्लाहरु तथा स्थानीय स्वास्थ्य संस्थाहरुलाई आवश्यक पर्ने खोप, अत्यावश्यक तथा गुणस्तर एवम् संवेदनशील औषधी तथा स्वास्थ्य सामग्रीहरु भण्डार तथा वितरण योजना (मासिक, त्रैमासिक, चौमासिक, अर्धवार्षिक, वार्षिक) गरि कार्यान्वयन गर्ने ।

जनस्वास्थ्य तथा भेक्टर सर्भिलेन्स र विपद / महामारी व्यवस्थापन, सहजीकरण र समन्वय गर्ने ।


जन स्वास्थ्य अभियान सञ्चालन तथा सहयोग, समन्वय र सहजीकरण गर्ने ।

सूचना अधिकारी

संघिय सरकार र स्थानीय तहहरु स्वास्थ्य निकाय बीच समन्वय गर्ने ।
एकीकृत स्वास्थ्य सूचना विश्लेषण र अध्ययन गरी सो अनुसार योजना बनाउने एवं स्थानीय तहमा सहजीकरण तथा पृष्ठपोषण गर्ने ।
स्वास्थ्य सेवाको पहुँच, उपयोग वृद्धि गर्न आवश्यक योजना बनाउने, समन्वय र सहजीकरण गर्ने ।
सरकारी, निजी, सहकारी द्वारा सञ्चालित स्वास्थ्य संस्थाहरू, कर्मचारीहरूको सुपरिवेक्षण अनुगमन नियमन तथा गुणस्तर नियन्त्रण सम्वन्धी कार्य गर्ने ।
संस्थागत तथा जनशक्तिको प्राविधिक क्षमता अभिवृद्धि गर्ने ।
प्रादेशिक विशेष स्वास्थ्य एवंम नियमित कार्यक्रमहरू (क्षयरोग तथा कुष्ठ नियन्त्रण, परिवार नियोजन , मातृशिशु स्वास्थ्य, सामाजिक सुरक्षा, बीमा, विशेषज्ञ स्वास्थ्य शिविर लगायत हात्तीपाइले ,औलो, कालाजार डेंगी लगाएतका कीटजन्य रोगहरु तताहा पानीजन्य रोगहरु, पोषण, दादुरा खोप लगाएतका अन्य विशेष कार्यक्रमहरू) को सञ्चालन, समन्वय र सहजीकरण गर्ने ।
वातावरणीय स्वास्थ्य, खानेपानी, सरसफाई तथा पेशागत स्वास्थ्य प्रबर्द्धन एवम् व्यवस्थापन कार्यगर्ने ।
जनसंख्या व्यवस्थापन सम्बन्धित कार्य गर्ने ।

१. प्रदेश सरकारबाट तोकिएका कार्यहरु गर्ने ।
२. बहुक्षेत्रीय समन्वय सहजीकरण समबन्धि कार्यहरु गर्ने ।
३. आन्तरिक प्रशासन (आर्थिक, प्रशासन व्यवस्थापन) सम्बन्धि कार्य गर्ने ।

स्वास्थ्य कार्यालय कैलालीको संगठन संरचना तथा दरवन्दी विवरण



सूचना अधिकारी


स्वास्थ्य कार्यालय कैलालीको हालको दरवन्दी तथा कार्यरत विवरणहरु

सि. नं.	सेवा/समूह/ उपसमूह	तह	पद	कुल दरबन्दी	दरबन्दी			कैफियत
					पूर्ती भएको	रिक्त रहेको	पदपूर्तीको प्रक्रियामा रहेको दरबन्दी	
१	नेपाल स्वास्थ्य, हे.ई.	९।१०	व.ज.स्वा.प्र./ज.स्वा.प्र	१	१	०	०	
२	नेपाल स्वास्थ्य, हे.ई.	७।८	जनस्वास्थ्य अधिकृत	१	०	०	१	लोकसेवा माग
३	नेपाल विविधतथ्याङ्क /	७।८	तथ्याङ्क अधिकृत	१	१	०	०	
४	नेपाल स्वास्थ्य, हे.ई.	५।६।७	हेवा सो.अ. सरह	४	४	०	०	
५	नेपाल प्रशासन.प्र.सा /	६	अधिकृत (प्रशासन)	१	१	०	०	
६	नेपाल प्रशासन /लेखा	६	अधिकृत (लेखा)	१	१	०	०	
७	ने.स्वा. /मे.ल्या.टे./ ल्या.टे.	५।६।७	ल्या.टे.	१	१	०	०	
८	नेपाल स्वा स्थ्य, प.न.हे.	५।६।७	प.न.हे.	१	१	०	०	
९	नेपाल स्वास्थ्य, हे.ई.	४।५।६	को.अ.चे.	१	१	०	०	
१०	ने.ई. मेकानिकल	श्रेणिबिहिन	ह.चा.स.	१	१	०	०	
११	नेपाल प्रशासन.प्र.सा /	श्रेणिबिहिन	का.स.	२	२	०	०	करारमा कार्यरत

स्वास्थ्य कार्यालय धनगढी कैलालीमा कार्यरत कर्मचारीहरुको विवरण

क्र स	नाम	पद	सेवा समुह	मोबाइल न	कैफियत
१	रमेश कुँवर	जनस्वास्थ्य प्रशासक	नेपाल स्वास्थ्य, हे.ई. नवौं	९८५१२०४२०४	
२	विनोद राज पन्त	तथ्याङ्क अधिकृत	आ.यो.तथा त., तथ्याङ्क सातौं	९८६५९०२३७१	
३	ओलट नारायण चापागाईं	प.नि.सु.अ	नेपाल स्वास्थ्य, हे.ई. सातौं	९८६८४१५४८९	
४	प्रदिप जोशी	खो.सु.नि.,	स्वास्थ्य/हे.ई. छैठौं	९८६८४३४२१३	
५	तेज विक्रम शाही	ज.स्वा. नि.	स्वास्थ्य/हे.ई. छैठौं		
६	रमा गिरी	सि.अ.न.मि.,	स्वास्थ्य, प.हे.न. छैठौं	९८४८६९५७३३	टिकापुर अस्पताल दरबन्दी रही हाल उच्च अदालत दिपायलको आदेश बमोजिम स्वा. का. कामकाज
७	बीरेन्द्र सिंह बडाल	ल्या.टे.नि.	स्वा./ल्या.टे./मे.ल्या.टे. छैठौं	९८६६७०३२३२	
८	बिमला ज्ञवाली	ज.स्वा.नि.	स्वास्थ्य/ हे.ई./ छैठौं	९८६८६१८३०९	टिकापुर अस्पताल दरबन्दी रही स्वास्थ्य कार्यालय कामकाज
९	खडक बहादुर बोहरा	अधिकृत (प्रशासन),	नेपाल प्रशासन/सा.प्र. छैठौं	९८४७५९२९०७	
१०	सूर्य बहादुर विष्ट	प.नि.सु.नि.,	स्वास्थ्य/हे.ई. छैठौं	९८५८४२५०१२	
११	देबसिंह बडाल	अधिकृत (लेखा),	नेपाल प्रशासन/लेखा छैठौं	९८६८४३९१७६	
१२	अनिल कुमार चौधरी	को.चे.अ.,	स्वास्थ्य/हे.ई. चौथो	९७६९८७२५५४	
१३	कृष्ण बहादुर विष्ट	ह.स.चा.	ई /मे. श्रेणीबिहिन पाँचौं	९८४८५९५०५६	

सि.नं.	कर्मचारीको नाम	पद	तह वा श्रेणी/समूह	मोवाइल नम्वर	कैफियत
१४	श्री महेश भण्डारी	ज.स्व.अ.	अ.सातौं/ ने.स्वा./हे.ई.	९८६९९०७०४६	छात्रवृति करार
१५	श्री मिन बहादुर धामी	हे.अ.	स.पाँचौं ने.स्वा./हे.ई.	९८४८५६००१७	करार
१६	श्री महेन्द्र विष्ट	हे.अ.	स.पाँचौं ने.स्वा./हे.ई.	९८६७३६०७९८	करार
१७	श्री जयराज ढुंगाना	ल्या.टे.	स.पाँचौं ने.स्वा./मे.ल्या.टे	९८६५८१८१४०	करार
१८	श्री बाबुराम राना	स.क.अ.	स.चौथों ने.प्र./सा.प्र.	९८६८५५२४७७	करार
१९	श्री देव बहादुर ओली	अ.हे.व.	स.चौथों ने.स्वा./हे.ई.	९७५४४०५१९९	करार
२०	श्री कुमारी जानकी पन्त	अ.न.मि.	स.चौथों ने.स्वा./ प.हे.न.	९८६८५६१८०६	करार
२१	श्री बन्दना कुमारी विक	ल्या.अ.	स.चौथों ने.स्वा./मे.ल्या.टे	९८६७२२६४३७	करार





Scanned with CamScanner

२२	श्री विकास ओड	ल्या.अ.	स.चौथों ने.स्वा./मे.ल्या.टे	९८६९७१३७०३	करार
२३	श्री जगदिश पन्त	ल्या.अ.	स.चौथों ने.स्वा./मे.ल्या.टे	९८४८८६४८२३	करार
२४	श्री सविता रावल	स.क.अ.	स.चौथों ने.प्र./सा.प्र.	९७४९३०७९१४	करार
२५	श्री बसन्ती थापा थारु	का.स.	श्रेणी विहिन ने.प्र./सा.प्र.	९८४८६५८९७२	करार
२६	श्री रमेश अवस्थी	का.स.	श्रेणी विहिन ने.प्र./सा.प्र.	८४८८७८४१६	करार
२७	श्री राम बहादुर थापा	का.स.	श्रेणी विहिन ने.प्र./सा.प्र.	९८४१६६४००५	करार
२८	श्री शुशिला बोहरा	का.स.	श्रेणी विहिन ने.प्र./सा.प्र.	९८४८७०७४२७	करार
२९	श्री विमला कुमारी जैशी	का.स.	श्रेणी विहिन ने.प्र./सा.प्र.	८४८८०७४१४	करार

स्वास्थ्य कार्यालय कैलालीबाट सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

यस कार्यालयबाट प्रदान गरिने सेवा नि शुल्क वा नियमानुसार लाग्ने दस्तुर लिई प्रदान गरिने छ र सो को लागि अवधि सेवाको प्रकृति अनुसार वा कागजात पुगेकोमा सोही दिन सेवा प्राप्त हुनेछ । यस सम्बन्धि विस्तृत विवरण तालिका नागरिक वडापत्रमा उल्लेख गरिएको छ ।

नागरिक वडापत्र

क.स.	सेवाको प्रकार	प्रकिया	सेवा प्राप्त गर्न लाग्ने शुल्क दस्तुर	समय	जिम्मेवारी फाँट व्यक्ति/
१	खोप तथा कोल्डचेन सामग्रीहरुको भण्डारण तथा वितरण	माग फाराम	निशुल्क	तुरुन्तै	खोपफाँट / कोल्डचेन
२	जनस्वास्थ्य कार्यक्रम व्यवस्थापन	निर्देशिकामा उल्लेखित भए बमोजिम	लागू नहुने	तोकिएको अवधि भित्र	सम्बन्धित फाँट
३	आन्तरिक प्रशासन प्रशासनिक व्यवस्थापन	दर्ता चलानी आन्तरिक प्रशासन	ऐन नियममा तोकिए बमिजिम आर्थिक प्रशासन	नियमित कार्यालय समयमा	प्रशासन फाँट
४	आर्थिक प्रशासन	आर्थिक प्रशासन सम्बन्धि कार्यहरु	ऐन नियममा तोकिए बमोजिम आर्थिक प्रशासन	नियमित कार्यालय समयमा	लेखा फाँट
५	सूचना प्रवाह	सूचनाको हक सम्बन्धि ऐन २०६४ मा उल्लेख भए बमोजिम	ऐन नियममा तोकिए बमोजिम आर्थिक प्रशासन	नियमित कार्यालय समयमा	सूचना अधिकारी
६	स्थानीय तह र स्वास्थ्य बहुक्षेत्रीय स्वास्थ्य निकाय संग समन्यव सहजीकरण	बैठक, कार्यशाला गोष्ठी र अभिमुखीकरण	निशुल्क	निरन्तर	कार्यालय प्रमुख
७	जनस्वास्थ्य तथा भेक्टर सर्भिलेन्स र विपद महामारी व्यवस्थापन	जानकारी भए पश्चात कर्मचारी उपलब्ध गराई रोकथाम तथा नियन्त्रण कार्यमा सहयोग गर्न सकिने	कार्य संचालन निर्देशिका	तुरुन्तै	सम्बन्धित फाँट
८	तथ्यांक विश्लेषण, योजना तर्जुमा तथा पृष्ठपोषण	स्वास्थ्य सुचनाको विश्लेषण अध्ययन गरि मासिक र चौमासिक बार्षिक समिक्षाबाट योजना गर्न सकिने	लागू नहुने	निरन्तर	तथ्यांक फाँट तथा सम्बन्धित फाँट

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
स्वास्थ्य कार्यालय
धनगढी, कैलाली, नेपाल

सूचना अधिकारी

Scanned with CamScanner

९	औषधि तथा स्वास्थ्य उपकरणहरुको भण्डार तथा वितरण	माग फाराम	निशुल्क	तुरुन्तै	प्रशासन फाँट स्टोर
१०	सरकारी, निजी, सहकारी द्वारा संचालित स्वास्थ्य संस्थाहरुको गुणस्तर सम्बन्धि कार्य	नियमित अनुगमन सुपरिवेक्षण	लागू हुने	निरन्तर	कार्यालय प्रमुख
११	संस्थागत तथा जनशक्तिको प्राविधिक क्षमता अभिवृद्धि	स्थलगत अनुशिक्षण,तालिम,गोष्ठी,अनुगमन तथा सुपरिवेक्षण	लागू हुने	निरन्तर	सम्बन्धित फाँट
१२	स्वास्थ्य शिक्षा, सूचना,संचार तथा स्वास्थ प्रबर्द्धन कार्यक्रममा सहजीकरण	जनस्वास्थ्य समस्या रोकथाम तथा स्वास्थ प्रबर्द्धन सम्बन्धि	लागु नहुने	निरन्तर	सम्बन्धित फाँट
१३	अस्पताल दर्ता ,अनुमति ,नबिकरण ,नियमन सम्बन्धि	सो सम्बन्धि निर्देशिकामा उल्लेख भए बमोजिम	लागू नहुने	निरन्तर	प्रशासन फाँट/ सम्बन्धित फाँट
१४	प्रयोगशाला ,पानी गुणस्तर सम्बन्धि कार्य	निर्देशिकामा उल्लेख भए बमोजिम	लागू नहुने	निरन्तर	प्रयोगशाला फाँट
१५	स्वास्थ्य शिक्षा कार्यक्रममा सहजिकरण	निर्देशिकामा उल्लेखित भए बमोजिम	लागू नहुने	निरन्तर	सम्बन्धित फाँट

निर्णय गर्ने प्रक्रिया र अधिकार

स्वास्थ्य कार्यालय कैलालीले निर्णय गर्दा प्रचलित सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ सुदूरपश्चिम प्रदेश, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य कार्यक्रमहरू सञ्चालन मार्गदर्शनका आधारमा निर्णय गर्ने गरेको छ। अधिकार प्रत्यायोजन भएका विषयहरुमा कार्यालय प्रमुखबाट तत्काल निर्णय हुने व्यवस्था छ। त्यस्तै फाँटहरूबाट हुने निर्णयको हकमा टिप्पणी प्रक्रिया अवलम्बन गरेको छ। यस कार्यालयको कार्यसम्पादनका लागि नियमित मासिक बैठकहरू गर्ने व्यवस्था मिलाएको छ। विषयवस्तुलाई छिटो छरितो रुपमा सम्पादन गर्नुपर्ने अवस्थामा सेवाग्राहीको निवेदनमा नै तोक आदेश गरी निर्णय प्रक्रिया द्रुत तथा कार्यान्वयन छिटो छरितो बनाउने व्यवस्था मिलाएको छ।

गुनासो सुन्ने अधिकारी

प्रचलित कानुन बमोजिम तोकेको विषयमा सोही बमोजिम उजुरी गर्न सक्नेछ भने उजुरीहरुलाई नियमित रुपमा संकलन तथा विश्लेषण गरी व्यवस्थापन गर्न कार्यालयले गुनासो सुन्ने अधिकारीको रुपमा कर्मचारीहरुको बैठकबाट कार्यालय प्रमुखले गुनासो सुन्ने अधिकारीको व्यवस्था गर्नु भएको छ।

स्वास्थ्य कार्यालय धनगढी कैलालीद्वारा सम्पन्न भएका मुख्य क्रियाकलापहरु

स्वास्थ्य कार्यालय धनगढी कैलालीद्वारा सम्पन्न भएका मुख्य क्रियाकलापहरु प्रथम त्रैमासिक मिति २०८३/०४/०१ गते देखी २०८३/०६/३१ सम्मको प्रगती प्रतिवेदन तपसिल बमोजिम रहेका छन्।

तपसिल

स्वास्थ्य कार्यालय धनगढी कैलालीद्वारा संचालित कार्यक्रमहरु आ.व.२०८३/०८४ प्रथम त्रैमासिक				
सि.नं.	क्रियाकलापको नाम	संचालन मिति		लाभान्वित संख्या
		२०८३ श्रावण १ देखी	२०८३ असोज ३१ सम्म	
१	संविधान दिवसको आवसरमा प्राथमिक उपचार तथा स्वास्थ्य परिक्षण कार्यक्रम धनगढी	असोज ३ गते	असोज ३ गते	७७ जना
२	औलो, कालाजार तथा अन्य किटजन्य रोगहरु सम्बन्धि स्वास्थ्यकर्मी तालिम टिकापुर १ मा सम्पन्न	भाद्र २१ गते	भाद्र २३ गते	२६ जना
३	कालाजार रोगको केसवेस सर्भिलेन्स कार्यक्रम धनगढी १५ र टीकापुर १ मा सम्पन्न	असोज १३ गते	असोज १४ गते	१३ जना
४	कालाजार रोग प्रभावित क्षेत्रहरुमा विषादी छिट्काव कार्यक्रम धनगढी १५ र टीकापुर १ मा सम्पन्न	असोज १३ गते	असोज १४ गते	१८४ जना

सूचना अधिकारी

Scanned with CamScanner

५	Hypertension Care Cascade कार्यक्रम समिक्षा तथा तथ्यांक प्रमाणीकरण कार्यक्रम धनगढी रुवस होटलमा सम्पन्न	भाद्र ३० गते	असोज २७ गते	२९५ जना स्वास्थ्यकर्मी
६	पानीमा डुवेर हुने मृत्यु रोकथाम सम्बन्धि दिवसमा अन्तरक्रिया धनगढी कैलालीमा सम्पन्न	श्रावण ४ गते	श्रावण ४ गते	३२ जना
७	डेंगी रोग रोकथाम तथा नियन्त्रण सचेतना अभियान महिनामा सहजीकरण	श्रावण १ गते	असोज मसान्त सम्म	सबै पालिकहरु
८	औलो, डेंगी र स्क्रवटाइफस PCR परिक्षण नमुना संकलनमा समन्वय	श्रावण १ गते	असोज मसान्त सम्म	सबै पालिकहरुमा
९	एम्बुलेन्स संचालन निर्देशिका २०८२" बमोजिम जिल्ला एम्बुलेन्स समितिको बैठक बसी एम्बुलेन्सहरुको डाटा भेरीफिकेसन तथा अनुमति र सिफारीस भैरहेको	श्रावण २१ गते	असोज मसान्त सम्म	निरन्तर
१०	पालिकाहरुको वर्षिक समिक्षामा सहभागी भई सहभागी भएको	श्रावण १ गते	असोज मसान्त सम्म	विभिन्न पालिकहरु
११	औलो रोगीहरुको Case base surveillance को अनुगमन गरेको	श्रावण १ गते	असोज मसान्त सम्म	विभिन्न पटक
१२	पालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा HP-MSS मा सहजीकरण गरेको	भाद्र ९ गते	भाद्र १८ गते सम्म	विभिन्न पटक
१३	त्रिनगर हेल्थ डेस्कमा नियमित चेक जाँच	श्रावण १ गते	असोज मसान्त सम्म	निरन्तर
१४	विद्यालय नर्स कार्यक्रम (भजनी , घोडाघोडी , धनगढी)	श्रावण १ गते	असोज मसान्त सम्म	निरन्तर
१५	स्वास्थ्य प्रयोगशाला सेवा (क्षयरोग , कुष्ठरोग ,औलो)	श्रावण १ गते	असोज मसान्त सम्म	निरन्तर
१६	औषधी, उपकरण तथा आपूर्ति व्यवस्थापन सबै स्थानिय तहहरु	श्रावण १ गते	असोज मसान्त सम्म	निरन्तर
१७	निशुल्क वितरण गरिने औषधी सबै स्थानिय तहहरुमा ढुवानी	श्रावण १ गते	असोज मसान्त सम्म	निरन्तर
१८	निजि स्वास्थ्य संस्था इजाजत दिइएको	श्रावन	असोज	१३ संस्था
१९	निजि स्वास्थ्य संस्था अनुगमन तथा सहजीकरण	श्रावन	असोज	२१ संस्था
२०	सहजीकरण नियमित खोप कार्यक्रम तथा कोल्डचेन व्यवस्थापन	श्रावन	असोज	१३ स्थानीय तह
२१	नियमित खोप कार्यक्रम दुवानी	श्रावन	असोज	१३ स्थानीय तह
२२	जेखोप .ई. अभियान २०८३ सम्बन्धि अन्तरक्रिया तथा योजना तर्जुमा गोष्ठी २ समुह	भाद्र	भाद्र	३ स्थानीय तह
२३	जेजिल्ला खोप) खोप अभियान सम्बन्धि अन्तरक्रिया कार्यक्रम .ई. समन्वय समिति, पत्रकार एवं संचारकर्मी लगायत सरोकारवाला(	भाद्र	भाद्र	४५ जना
२४	पालिका खोप समन्वय समिति लगायत सरोकारवाला संग जेखोप .ई. अभियान सम्बन्धि बैठक तथा अन्तर्क्रिया	भाद्र	भाद्र	३ स्थानीय तह
२५	वडा खोप समन्वय समिति लगायत सरोकारवाला संग जेखोप अभियान.ई. सम्बन्धि बैठक तथा अन्तर्क्रिया	भाद्र	भाद्र	४१ वडा
२६	जेखोप .ई. अभियान संचालनमा सेवा लिएको संख्या	भाद्र	असोज	१२६५५९ जना
२७	जेखोप .ई. अभियान संचालनमा जेखोप दुवानी तथा अनुगमन .ई.	भाद्र	असोज	३ स्थानीय तह
२८	स्वास्थ्य चौकी स्तरीय न्यूनतम सेवा मापदण्ड समिक्षामा सहजीकरण	भाद्र	भाद्र	१३ स्थानीय तह
२९	बार्षिक स्वास्थ्य समिक्षा कार्यक्रममा सहजीकरण	श्रवण	असोज	१३ स्थानीय तह
३०	क्षयरोग कार्यक्रम सम्बन्धि बार्षिक समिक्षा कार्यक्रममा सहजीकरण	श्रवण	असोज	२ स्थानीय तह

सूचना अधिकारी

Scanned with CamScanner

आम्दानी , खर्च तथा आर्थिक कारोवार सम्बन्धी अध्याविक विवरण प्रथम त्रैमासिक २०८३/०८४

बजेट रु. मा

स्वास्थ्य कार्यालय कैलाली

प्रथम त्रैमासिक वित्तीय प्रगति विवरण

2083.07.10

सि. नं.	ब. उ. शि. न.	कार्यक्रमको नाम	स्रोत	आ. व. २०८३।०८४		
				वार्षिक बजेट	असोज मसान्त सम्मको खर्च	खर्च प्रतिशत
१	३५००२०१२३	स्वास्थ्य कार्यालयहरु	प्रदेश सरकार	34189000	5807474.50	16.99
२	३५००२०१२४	स्वास्थ्य कार्यालयहरु	प्रदेश सरकार	760000	0.00	0.00
	प्रदेश सरकार जम्मा			34949000	5807474.5	16.62
३	३५०९१११३४३	उपचारात्मक सेवा कार्यक्रम	संघ सरकार	1750000	0.00	0.00
४	३५०९१११३७३	परिवार कल्याण कार्यक्रम	संघ सरकार	20615000	0	0.00
५	३५०९१११२७३	क्षयरोग नियात्रण कार्यक्रम	संघ सरकार	1219000	0	0.00
६	३५०९१११३२३	राष्ट्रिय स्वास्थ्य शिक्षा ,सूचना तथा संचार केन्द्र	संघ सरकार	350000	0.00	0.00
७	३५०९१११३९३	अपागता रोकथाम तथा कुष्ठरोग नियन्त्रण कार्यक्रम	संघ सरकार	816000	0.00	0.00
८	३५०९१११३१३	स्वास्थ्य व्यवस्थापन कार्यक्रम	संघ सरकार	1782000	0.00	0.00
९	३५०९१११४०३	महामारी रोग नियत्रण कार्यक्रम	संघ सरकार	5393000	0.00	0.00
१०	३५०९१११३५३	नर्सिंग तथा सामाजिक सूरक्षा सेवा कार्यक्रम	संघ सरकार	3560000	0.00	0.00
११	३५०९१११४२३	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	संघ सरकार	3253000	1714271.00	52.70
१२	३५०९१११३७४	परिवार कल्याण कार्यक्रम	संघ सरकार	0	0.00	0.00
१३	३५०९१११२८३	एड्स तथा यौन रोग नियन्त्रण कार्यक्रम	संघ सरकार	110000	0.00	0.00
	संघ सरकार जम्मा			38848000	1714271	4.41
प्रदेश सरकार र संघ सरकारको जम्मा				73797000	7521745.5	10.19

अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको विवरणः यस अघिको भए गरेको कामहरु पूर्ववत प्रकाशित विवरणमा उल्लेख भइसकेको छ

कार्यालय प्रमुख, गुनासो सुन्ने अधिकारी र सूचना अधिकारीको विवरणः

कार्यालय प्रमुखः
नामः श्री रमेश कुँवर
पदः जनस्वास्थ्य प्रशासक
मोवाइल नं.: ९८५१२०४२०४
इमेल ठेगानाः ramesh.kunwar04@gmail.com

गुनासो सुन्ने अधिकारीः
नामः विनोद राज पन्त
पदः तथ्यांक अधिकृत
मोवाइल नं.: ९७६४४१७८२१
इमेल ठेगानाः binodrajpant@gmail.com

सूचना अधिकारीः
नामः मिन बहादुर धामी
पदः हेल्थ असिस्टेन्ट
मोवाइल नं.: ९७६४४१७८२३
इमेल ठेगानाः mindhami९०@gmail.com

सूचना अधिकारी

Scanned with CamScanner

१२. ऐन,विनियम र नियमहरु

सुदूरपश्चिम सरकारबाट जारी भएको स्वास्थ्य कार्यक्रम सञ्चालन निर्देशिका २०८१

नेपाल सरकारबाट जारी प्रदेश स्तरीय स्वास्थ्य कार्यक्रम मार्गदर्शन २०८१

जन स्वास्थ्य ऐन २०७५ तथा नियमावली २०७७

सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४

आर्थिक कार्य संचालन निर्देशिका २०८१

तयार गर्ने

नामः मिन बहादुर धामी

पद : हेल्थ असिस्टेन्ट

सूचना अधिकारी

दस्तखतः

सूचना अधिकारी

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
स्वास्थ्य कार्यालय
धनगढी, कैलाली, नेपाल
२०७५

प्रमाणित गर्ने

नामः रमेश कुँवर

पदः जनस्वास्थ्य प्रशासक

कार्यालय प्रमुख

दस्तखतः

कार्यालय प्रमुख

Scanned with CamScanner